खण्ड : ६ संख्या : ०४ मिति : २०७९/१०/०६

# कपिलवस्तु नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : ०४ मिति : २०७९/१०/०६

## भाग २

कपिलवस्तु नगरपालिका

## पूराना घर नक्सा अभिलेखिकरण कार्यविधि २०७९

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०९/२७**

**प्रमाणीकरण मिति : २०७९/१०/०५**

**प्रस्तावना :** नगरपालिका क्षेत्रभित्रका घरहरु भवन आचार संहिता विपरित हुने गरि बनाउन नपाइने तर यस नगरपालिका क्षेत्रभित्र नक्सा पास लागु भइ सकेपछि पनि धेरै जसो घरहरुको नक्सा नियमित गर्न समेत आएको र कतिपय निर्माण भई सकेका घरहरु पनि भवन आचार संहिता भन्दा विपरित गरि बनेका पाइएकोले त्यस्ता घरहरुको नक्सा पास तथा घर निर्माण सम्पन्न प्रमाणपत्र दिन नसक्ने तर नगरवासीहरुलाई बैंक लगायत अन्य प्रयोजनका लागि समेत पुराना घरको नक्सा अभिलेखिकरणको कागजात आवश्यक भएको परिप्रेक्ष्यमा कपिलवस्तु नगरपालिकाको भवन आचार संहिता २०७८ को दफा ........ को परियोजनको लागि ............................को अधिकार प्रयोग गरी कपिलवस्तु नगरपालिका भित्रका पूराना घर नक्सा अभिलेखिकरण कार्यविधि २०७९ स्वीकृत गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यस कार्यविधिको नाम कपिलवस्तु नगरपालिका क्षेत्र भित्रका पूराना घर नक्सा अभिलेखिकरण कार्यविधि २०७९ रहेको छ ।

२. यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) आचार संहिता भन्नाले कपिलवस्तु नगरपालिकाको भवन आचार संहिता २०७८ लाई सम्झनु पर्दछ ।

(ख) नक्सा अभिलेखिकरण भन्नाले भवन मापदण्ड २०७२ तथा भवन आचारसंहिता २०७८ बमोजिम घर नक्सा प्रमाणपत्र, घर सम्पन्न प्रमाणपत्र तथा नक्सा नियमितको प्रमाणपत्र दिन नमिल्ने तर कपिलवस्तु नगरपालिका क्षेत्रभित्र बनेका पक्की घरहरुलाई नगरपालिकामा अभिलेखन गरी दिइने कागजात भन्ने बुझ्नु पर्दछ ।

(ग) यस कार्यविधिमा प्रयोग गरिने अन्य शब्दावलीहरु भवन आचार संहिता २०७८ तथा भवन मापदण्ड २०७२ मा व्यवस्था भए बमोजिम बुझ्नु पर्दछ ।

## परिच्छेद–१

## घर नक्शा अभिलेखिकरण

३. कपिलवस्तु नगरपालिकामा यस भन्दा अघि घर निर्माण भइ सकेको तथा नक्शा तथा नक्शाको नियमितको लागि निवेदन नदिएको वा निवेदन दिएर पनि विभिन्न कारणबाट नक्शा पास को प्रमाणपत्र वा घर सम्पन्न प्रमाणपत्र प्राप्त गर्न नसकेका व्यक्तिहरुले घर नक्शा अभिलेखिकरणको लागि निवेदन दिनु पर्नेछ ।

तर यो कार्यविधि लागु भै सकेपछि निर्माण गरिएका घरहरुको सम्बन्धमा घर नक्शा अभिलेखिकरण गरिने छैन ।

४. घर नक्शा अभिलेखिकरणका लागि निवेदन पेश गर्दा देहायका कागजात सहित नक्शा पास गर्दा लाग्ने शुल्क समेत बुझाएको कागजात संलग्न गर्नु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रतिलिपी

(ख) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

(ग) जग्गाको नक्शाको प्रतिलिपी

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ङ) जग्गाधनी पुर्जामा घर कायम भएको प्रमाण

(च) मालपोत रसिदमा घर कायम भएको प्रमाण

५. दफा ४ बमोजिम निवेदन प्राप्त भए पछि कार्यालयका प्राविधिकहरुबाट स्थलगत रुपमा नाप जाँच गर्नु पर्नेछ । स्थलगत रुपमा अध्ययन पश्चात अभिलेखिकरण गर्न उपयुक्त देखिएमा सोहि अनुसारको प्रतिवदन खटिएका प्राविधिक कर्मचारीबाट लिइ सोको आधारमा इन्जिनियर वा तोकिएको अन्य कुनै कर्मचारीबाट घर नक्शा अभिलेखिकरण गरिएको निस्सा जारी गरिनेछ ।

६. सेड व्याक तथा सडक अधिकार क्षेत्र दुरी नपुगेको कारण घर नक्शा अभिलेखिकरण गर्न अप्ठ्यारो पर्ने छैन ।

७. घर नक्शा अभिलेखिकरण गर्दा तत्कालिन अवस्थामा तोकिएको सडक अधिकार क्षेत्रलाई आधार मानिनेछ । सडक अधिकार क्षेत्र तोक्न भन्दा अगावै निर्माण भएका घरहरुलाई सडक केन्द्र रेखा देखि सडक अधिकार क्षेत्र भित्र पर्ने घर वा संरचनाको लम्बाइ चौडाइलाई नक्शामा काटेर मात्र अभिलेखिकरण गरिनेछ ।

८. अभिलेखिकरण भएका घरमा पछि आउने सम्पूर्ण क्षतिहरु सम्बन्धित व्यक्ति स्वयमले बेर्होनु पर्नेछ । अभिलेखिकरण गरेको आधारबाट मात्र नगरपालिकासँग कुनै क्षतिपूर्ति दाबी गर्न पाइने छैन ।

९. यस कार्यविधिमा उल्लेख भएका कुनै दफाहरु कार्यपालिका बैठकबाट थपघट वा खारेज हुन सक्नेछ ।

१०. नक्शा अभिलेखिकरण गर्दा प्रति वर्ग फिट रु. ५ (पाँच) को दरले राजश्व तिर्नु पर्नेछ ।

..............................

आज्ञाले

शेषकान्त पौडेल

प्रमख प्रशासकीय अधिकत